# दुर्घटना जाँच आयोग, २०७९

(पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नजिक मिति २०७९ माघ १ गते यति एयरलाइन्स प्रा.लि.द्वारा सञ्चालित ATR 72, 9N-ANC विमान दुर्घटनाको छानबिनको लागि गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ बमोजिम गठित)

प.सं.: द.जाँ.आ. ०७९/८०, च.नं.


**अध्यक्ष**

नगेन्द्र प्रसाद घिमिरे
पूर्व सचिव, नेपाल सरकार
मो. ९८४१२४०३१६

**सदस्यः**

ई. दिपक प्रसाद बास्तोला, पिएचडी
उपरथी (अ.प्रा.)
मो. ९८५१०९५६३४

सुनिल प्रधान
सिनियर क्याप्टेन
मो. ९८६१५९००११

एकराज जंग थापा
सिनियर ईन्जिनियर
मो. ९८०३३५३५०१

**सदस्य सचिव**

बुद्धिसागर लामिछाने
सहसचिव
मो. ९८५१२४९०३३


## प्रेस विज्ञप्ती

मिति २०७९ माघ १ गते (15 January 2023) को दिन काठमाण्डौबाट पोखरा उडानमा रहेको यति एयरलाइन्सको 9N-ANC कलसाइन रहेको बायुयान पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गको पश्चिमतर्फ (RW 12) बाट अवतरणको क्रममा भएको दुर्घटनाको छानविन गर्न नेपाल सरकारबाट गठित यस दुर्घटना जाँच आयोग - २०७९ ले मित्रराष्ट्र सिंगापुरस्थित ट्रान्सपोर्ट सेफ्टी इन्भेष्टिगेसन ब्यूरो (TSIB) मा फ्लाईट डाटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डर दुबैको डाटा विश्लेषण र अनुसन्धान गर्न आयोगका संयोजक, हवाई विज्ञ र सदस्य सचिवहरुलाई पठाएकोमा उक्त कार्य सफलतापूर्वक सम्पन्न गरी आयोगका पदाधिकारहरु नेपाल फर्केको जानकारी गराईन्छ ।

उक्त फ्लाईट डाटा रेकर्डर र भ्वाईस डाटा रेकर्डरको डाटाहरुको विश्लेषण गर्न आयोगको नेतृत्वमा TSIB Singapore, BEA France, TSB Canada, P & W Canada र EASA का प्रतिनिधिहरु समेतको सहभागितामा विभिन्न प्राविधिक तथा मानवीय पक्षको विश्लेषण गरिएको थियो । यसै सन्दर्भमा उल्लेखित सबै पदाधिकारीहरुबाट सिङ्गापुरस्थित ATR जहाजको सिमुलेटरमा विभिन्न फ्लाईट र प्राविधिक पक्षहरुको थप अध्ययन पनि गरिएको थियो ।

फ्लाईट डाटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डरको विश्लेषण र अनुसन्धानबाट दुर्घटनाग्रस्त 9N-ANC जहाज अवतरण गर्ने क्रममा बेस लेग (Base Leg) मा दुबै इञ्जिनका प्रोपेलरहरु फेदरमा गएको देखिन्छ । अतः उक्त जहाजका दुबै इञ्जिन प्रोपेलर फेदरमा किन गयो भनी यस आयोगले प्राविधिक र मानवीय पक्षहरुबारे थप अनुसन्धान अगाडि बढाई सकेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

# दुर्घटना जाँच आयोग, २०७९

(पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नजिक मिति २०७९ माघ १ गते यति एयरलाइन्स प्रा.लि.द्वारा सञ्चालित ATR 72, 9N-ANC विमान दुर्घटनाको छानबिनको लागि गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ बमोजिम गठित)

प.सं.: दु.जाँ.आ. ०७९/८०, च.नं.


**अध्यक्ष**

नगेन्द्र प्रसाद घिमिरे
पूर्व सचिव, नेपाल सरकार
मो. ९८४१२४०३१६

**सदस्यः**

ई. दिपक प्रसाद बास्तोला, पिएचडी
उपरथी (अ.प्रा.)
मो. ९८५१०९५६३४

सुनिल प्रधान
सिनियर क्याप्टेन
मो. ९८६१५९००११

एकराज जंग थापा
सिनियर ईन्जिनियर
मो. ९८०३३५३५०१

**सदस्य सचिव**

बुद्धिसागर लामिछाने
सहसचिव
मो. ९८५१२४९०३३


यस आयोगबाट अन्तिम प्रतिवेदन पेश गर्न समय लाग्ने भएकोले हालसम्म प्राप्त सूचना र तथ्याङ्कको विश्लेषण र अनुसन्धानको आधारमा हवाई उडानमा थप सुरक्षा अभिवृद्धि गर्न यस आयोगबाट सम्बन्धित निकायलाई तत्काल अपनाउनुपर्ने सुरक्षात्मक उपायहरु सम्मिलित अन्तरिम सुरक्षा सिफारिसहरु सहितको प्रारम्भिक प्रतिवेदन पेश गर्ने तयारी भईरहेको समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

धन्यावाद!

बुद्धिसागर लामिछाने
सदस्य सचिव


सम्पर्क ठेगानाः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ, फोन नं. +९७७-०१-४२११६६९, ४२११८४६ फ्याक्स नं. +९७७-०१४२११९९२ इमेलः bslamichhane@gmail.com